# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## वित्तीय सेवामा सर्वसाधारणको पहुँच बढाउन गभर्नरको जोड




मुलुकको ८९ औं विकास बैंकका रूपमा दोलखा जिल्लाको चरीकोटमा कालिञ्चोक डेभलपमेन्ट बैक स्थापना भएको छ । यससँगै मुलुकको दुर्गम क्षेत्रमा समेत वित्तीय सेवाको पहुँच विस्तार हुने क्रम अघि बढेको छ ।

मंसिर ५ गते चरीकोटमा आयोजित एक समारोहमा सो विकास बैंकको उद्‌घाटन गर्दै गभर्नर डा. युवराज खतिवडाले बैंक तथा वित्तीय संस्थाले परम्परागत रूपमा वित्तीय सेवा उपलब्ध गराउनुका अतिरिक्त लगानीका सम्भाव्य स्थानीय कृषि, पर्यटन, ऊर्जा तथा साना उद्योग व्यवसायको पहिचान गर्दै वित्तीय साधन प्रवाह गर्न सकेको खण्डमा मुलुकको आर्थिक विकासमा ठोस रूपमा टेवा पुग्ने धारणा राख्नु भयो । वित्तीय सेवा ग्राहकका नजिक पुग्न सके नै मुलुकले परिलक्ष्यित गर्ने संघीयताको मुख्य अवधारणा सार्थक हुने चर्चा गर्दै उहाँले कुनै पनि वित्तीय संस्थाको उपस्थिति नभएको स्थानमा बैंक तथा वित्तीय संस्थाका शाखाहरू स्थापना गर्न आग्रह गर्नु भयो । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा एकतिहाइ र रोजगारीमा दुइतिहाइ योगदान दिने कृषि क्षेत्रमा कुल कर्जाको ३ प्रतिशत भन्दा पनि कम कर्जा प्रवाह हुनु तितो यथार्थ रहेको चर्चा गर्दै उहाँले सघन ऊर्जा सङ्कट भोगिरहेको मुलुकमा वित्तीय क्षेत्रबाट ऊर्जा क्षेत्रमा एक प्रतिशत मात्र लगानी

रहेको यथार्थ समेत औंल्याउनु भयो । विगतमा द्वन्द्वका कारण लगानीको क्षेत्र सीमित हुन जाँदा धेरै जसो बैंक तथा वित्तीय संस्थाहरू तत्काल नाफा कमाउन सकिने क्षेत्र जस्तैः घरजग्गा, शेयर बजार, उपभोक्ता कर्जामा केन्द्रित भएकाले वित्तीय क्षेत्रको कर्जा उठ्नमा केही कठिनाइ देखिन गएको उल्लेख गर्दै शान्ति प्रक्रिया अघि बढे अनुरूप आर्थिक क्षेत्रमा लगानीको नयाँ अवसर पनि सिर्जना भएको बताउनु भयो । उहाँले बैंक शाखा विस्तारको नाममा नगद कलेक्सन काउन्टर मात्र राख्न नहुने र ग्रामीण क्षेत्रको स्रोत गाउँकै विकासमा लगाउनु पर्ने धारणा राख्नु भयो । विकास बैंक ठूलो नाफा कमाउने संस्था नभई मुलुकको विकासको साझेदारका रूपमा रहेको चर्चा गर्दै व्याजदर बढी भयो भन्ने गुनासो गर्ने व्यवसायी स्वयम्ले बैंकमा निक्षेप जम्मा गरिदिएमा व्याजदर स्वतः घट्ने धारणा राख्नु भयो ।

बैंक तथा वित्तीय संस्थाले गैरकर्जा सेवा दिए बापत मात्र सेवाशुल्क लिनु पर्नेमा कर्जा प्रवाह गर्दा समेत धेरै सेवाशुल्क लिनु उपयुक्त नहुने भन्दै गभर्नर डा. खतिवडाले लघु वित्त संस्थाहरूको प्रभावकारी सुपरिवेक्षणको जिम्मेदारी कुनै स्वतन्त्र निकायलाई प्रदान गर्ने विषयमा कार्य अघि बढिरहेको जानकारी पनि दिनु भयो । संघीयताको स्पष्ट स्वरूप आइसकेपछि केन्द्रीय बैंकको कार्य र संरचनात्मक स्वरूप अझ स्पष्ट हुने आशा पनि उहाँले व्यक्त गर्नु भयो । बैंक तथा वित्तीय संस्थालाई आपसमा गाभिएर सेवा प्रवाह गर्न सुझाव दिँदै उहाँले अब नेपाल राष्ट्र बैंक वित्तीय क्षेत्रको सङ्ख्यात्मक भन्दा गुणात्मक विकासतर्फ केन्द्रित हुने जानकारी पनि दिनुभयो ।

सभापतिको आसनबाट बोल्दै नव उद्घाटित बैंकका अध्यक्ष श्री आत्म कृष्ण श्रेष्ठले नव स्थापित विकास बैंक स्थानीय नयाँ क्षेत्रको पहिचान मार्फत् वित्तीय सेवा प्रवाह गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । हिमाली जिल्ला केन्द्र भएको, अधिकृत पुँजी रु. ३० करोड, जारी पुँजी रु. १० करोड तथा चुक्ता पुँजी रु. ५ करोड १० लाख रहेको सो विकास बैंकको कार्यक्षेत्र दोलखा, रामेछाप र सिन्धुली गरी तिन जिल्ला रहेको छ ।

यस अघि गभर्नर डा. खतिवडाले दोलखा जिल्लाको बोच गा.वि.स.मा निर्माणाधीन काउ फार्म एण्ड रिसर्च सेन्टर अवलोकन गर्नुभएको थियो । हाल दुई हजार रोपनी भन्दा बढी जग्गा रहेको सो सेन्टरमा १०,००० वटा सम्म उन्नत जातका गाई पालन, बिडिङ तथा फिडिङ सेन्टर स्थापना गर्ने योजनाका साथ कार्य अघि बढिरहेको छ । सो अवसरमा गभर्नर डा. खतिवडाले दैनिक ४ लाख लिटर दूधको अभाव भोगिरहेको मुलुकका लागि यस प्रकारका आयोजनाले महत्वपूर्ण सेवा प्रदान गर्न सक्ने हुँदा आयोजनाको वित्तीय स्रोतको सम्भाव्यता, बजार सञ्जालको विस्तार, राम्रो र गुणस्तरीय पशु आयातको सम्भावना, ऋणमा सहुलियत आदिको ठोस विश्लेषण गर्नु आवश्यक रहेको धारणा राख्नु भएको थियो ।

गभर्नरको कार्यालय